डेंगी रोकथाम तथा नियन्त्रण कार्ययोजना

(माघ २०७९ देखि पौष २०८० सम्म)

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

नेपाल सरकार

स्वस्स्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

टेकु, काठमाडौं

डेंगी रोकथाम तथा नियन्त्रण कार्ययोजना

१.१. डेंगी रोगको संक्रमणको अवस्था

नेपालमा बि.सं. २०६१ सालदेखि डेंगी रोग देखिन शुरु भए पश्चात प्रत्येक बर्ष यो रोग देशका विभिन्न जिल्लामा कहिले महामारीको रुपमा त कहिले छिटफुट रुपमा देखापर्ने गरेको छ । २०७९ सालमा बैशाख महिना देखि डेंगी रोगका बिरामीहरुको संख्यामा वृद्धि भइ भाद्र, असोज र कार्तिक महिनामा देशका ७७ वटै जिल्लाहरुबाट प्रतिवेदन भएको थियो, जसमध्ये, काठमाडौँ उपत्यका लगायत १० भन्दा बढी जिल्लाहरुमा प्रकोपको रुपमा देखा परेको थियो । २०७९ साल पौष मसान्त सम्ममा देश भर झन्डै ५५ हजार भन्दा बढी व्यक्तिहरुमा संक्रमण भइ ८८ जना व्यक्तिहरुको मृत्युको प्रमाणीकरण भइसकेको छ । संक्रमणको हिसाबले बागमती र लुम्बिनी प्रदेशमा बढी संक्रमण देखिए पनि कूल संक्रमितहरुको ८३% भन्दा बढी केशभार सात वटा प्रदेशका १० जिल्लाहरु (काठमाडौँ, ललितपुर, भक्तपुर, मकवानपुर, चितवन, दाङ, धादिंङ, रुपन्देही, काभ्रे र सुर्खेत) ले ओगटेको थियो । डेंगीबाट मृत्यु प्रमाणित भएका ८८ जना व्यक्तिहरुको तथ्यांक पुनरावलोकन गर्दा कूल मृत्यु मध्ये ५० प्रतिशत भन्दा बढी मृत्यु ५५ वर्ष वा सो भन्दा बढी उमेर समुहमा भएका र मृत्यु भएका व्यक्तिहरुमा डेंगी संगै अन्य दीर्घ रोगका साथै निमोनिया, स्क्रब टाईफस् लगायतका संक्रमण समेत रहेको पाइएको थियो । महिना अनुसार संक्रमणको अवस्था हेर्दा बिगतका सवै बर्षहरुमा देखिएझैं यस बर्ष पनि आषाढ महिना देखि संक्रमण बढ्दै गई भाद्र र आश्विन महिनामा संक्रमितको संख्या उच्च रहेको र त्यसपश्चात क्रमशः कम हुँदै गएको देखिन्छ ।

१.२. हालसम्म भएका प्रमुख उपलब्धिहरु

क. ***डेंगी रोग सर्ने भेक्टरको निगरानी (सर्भिलेन्स)***: संक्रमण उच्च रहेकका तिन जिल्ला, खासगरी काठमाडौँ, ललितपुर र दाङमा डेंगी रोग सार्ने बाहक (vector) को आनीबानी को अध्ययन तथा निगरानी गरी रोग रोकथाम तथा नियन्त्रणको रणनीतिलाइ परिमार्जन गरिएको ।

ख. ***डेंगी रोग लगाउने भाइरसको सेरोटाईपिङ***: देशभरका सातै वटा प्रदेशका अस्पतालहरुबाट संक्रमित डेंगी रोगीहरुको रक्तनामुनाहरुको संकलन गरी ३७२ नमुनाहरुमा सेरोटाईपिङ गरिएको र यसबाट चालु आ.ब. तथा आगामी बर्षहरुमा डेंगी रोगका कारण हुनसक्ने जटिलताका लक्षणहरुलाई आंकलन गर्न सहज भएको ।

ग. ***डेंगी रोगको रोकथाम तथा नियन्त्रणका लागि प्रदेश तथा स्थानीय तहहरुसंग समन्वय तथा पैरवी***: बहु-निकाय, बहु-सहकार्यका लागि प्रदेश तथा स्थानीय तहका जन-प्रतिनिधिहरुसंग समन्वयका लागि नियमित छलफल तथा पैरवी गरिएको । कतिपय पालिकाहरुबाट संघ सशर्त अनुदान नभएको अवस्थामा पनि स्थानीय तहबाटै श्रोतको सुनिश्चितता गरी डेंगी रोकथामका लागि सक्रियता देखाइएको । आगामी दिनहरुमा यस्तो समन्वयले बेलैमा रोगको रोकथाम तथा नियन्त्रणका लागी सहयोग हुने अपेक्षा गरिएको छ ।

घ. ***उपचार तथा व्यवस्थापन***: डेंगी रोगको संक्रमण उच्च बिन्दुमा पुगेर अस्पतालमा चाप बढिरहेको अवस्थामा भौतिक तथा भर्चुअल रुपमा बिषय बिज्ञ मार्फत देशभर बाट तिन सय जना उपचारमा संलग्न विभिन्न निजि तथा सरकारी

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

अस्पतालहरुका चिकित्सकहरुलाई डेंगी रोगको राष्ट्रिय उपचार पद्धतिका बारेमा अभिमुखीकरण गरिएको साथै हब अस्पताल संजाल संग विभिन्न समयमा छलफल तथा प्राविधिक सल्लाह प्रदान गरी अस्पताललाइ तयारी हालतमा राखिएको ।

ङ. ***जोखिम संचार***: इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा को टोल फ्री हटलाइन नं, वेव पोर्टल, रेडियो, टेलिभिजन, मोबाइल रिङटोन साथै माननीय स्वास्थ्य मन्त्रि, स्वास्थ्य सचिव ज्यु लगायतको डेंगी सम्बन्धि सन्देशमुलक भिडियो सामाग्री मार्फत जोखिम संचार गरिएको । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत डेंगी सार्ने लामखुट्टेको लार्भालाइ खोज तथा नष्ट गर्ने अभियानको भिडियो सामग्री बनाइ संचार गरिएको ।

१.३. डेंगी रोग रोकथाम तथा नियन्त्रणका चुनौतीहरु

क. बर्षायाम संगै डेंगी रोग सार्ने लामखुट्टेको वृद्धि बिकास हुने स्थानहरु प्रचुर मात्रामा हुने हुँदा बहुपक्षीय समन्वय र सहकार्य बिना लामखुट्टेको नियन्त्रण गर्न कठिन रहेको ।

ख. कतिपय निजि/सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाहरुबाट संक्रमित सबै डेंगी रोगीहरुको तथ्यांक नियमित र पूर्ण रुपमा रुपमा प्राप्त हुन नसकेको ।

ग. डेंगी रोगको चाप अत्याधिक भएका कारण डेंगी पहिचानका लागि आवश्यक डेंगी किटको मागलाइ सम्बोधन गर्न नसकिएको ।

घ. निरन्तर बर्षभरि लामखुट्टेको निगरानी गर्न इन्टोमोलोजिष्ट तथा आर्थिक श्रोतको अभाव रहेको ।

ङ. लामखुट्टे रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाहेक अन्य सरोकारवाला मन्त्रालयको भूमिकालाइ पैरवी हुन नसकेको ।

च. समुदाय तथा आम नागरिक तह सम्म जोखिम संचारलाइ प्रेषण गर्न कठिन भएको ।

छ. निजि स्वास्थ्य संस्थाहरुबाट डेंगी रोगको निदानका लागि प्रयोग भएका डेंगी किटको गुणस्तर तथा मुल्यमा एकरूपता हुन नसकेको ।

ज. आ.ब २०७९/८० मा डेंगी रोकथामका लागि संघ, प्रदेश र स्थानीय तहमा विनियोजित बजेट खर्च भइसकेको तर सामान्यतया डेंगीको केशहरु बैशाख बाटै देखापर्ने हुँदा रोकथाम तथा नियन्त्रणका लागि आर्थिक श्रोत को अभाव हुनसक्ने ।

१.४. कार्य योजना

डेंगी रोग रोकथाम तथा नियन्त्रणका लागि देहाय बमोजिमका क्रियाकलापहरु संचालन गरिनेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

क. कीटजन्य रोग सार्ने बाहक (लामखुट्टे) को बर्षभरिनै एकिकृत सर्भिलेन्स पश्चात डेंगी रोगको बार्षिक प्रक्षेपण गर्न सकिने प्रणालीको बिकास गरिने। यसका लागि एकिकृत भेक्टर सर्भिलेन्स को स्तरीय संचालन प्रक्रिया (SOP) को प्रारम्भिक मस्यौदा तयार भइ अनुमोदनको प्रक्रियामा रहेको।

ख. लामखुट्टेको नियन्त्रणका लागि अन्य सरोकारवाला निकायहरु (जस्तै: भौतिक पूर्वाधार, खानेपानी तथा ढल व्यवस्थापन, शहरी विकास, शिक्षा, संचार) संग बर्षायाम शुरु हुनु भन्दा अगाडी देखिनै तिनै तहमा सहकार्य तथा समन्वय गर्ने।

ग. डेंगी रोगको **निगरानी प्रणाली**लाइ चुस्त दुरुस्त बनाउने।केश देखिएको क्षेत्रमा तत्काल लामखुट्टे नियन्त्रणका लागि अपरिहार्य कार्यहरुलाइ सक्रिय बनाइने।

- लामखुट्टेको लार्भा खोज तथा नष्ट गर्ने अभियान
- जनस्तर सम्म डेंगी रोग रोकथाम तथा नियन्त्रणका लागि सचेतना

घ. संघले बिकास गरेका जोखिम संचार संग सम्बन्धित सन्देशहरु प्रदेश तथा स्थानीय तहहरुको सहकार्यमा जनस्तर सम्म पुर्याउन बिभिन्न कार्यलाइ निरन्तरता दिने।

ङ. डेंगी रोगको निदानका लागि डेंगी रोग निदान किट समयमै व्यवस्थापन गर्न आवश्यक प्रक्रिया अघि बढाउने।

१.५. प्रस्तावित कार्यक्रम

२०७९ माघ महिना देखि २०८० पौष मसान्त सम्मको प्रस्तावित क्रियाकलापहरु सहितको विस्तृत कार्ययोजना तपशिल बमोजिम हुनेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

कार्यक्रम	जिम्मेवार मन्त्रालयहरु	कार्यन्वयन गर्ने निकायहरु				कार्यन्वयन हुने महिना (माघ २०७९ देखि पौष २०८० सम्म)											
		संघ अन्तर्गतका निकायहरु	प्रदेश/जिल्ला	स्थानीय तह	समुदाय/ सरोकारवाला	माघ	फाल्गुण	चैत्र	वैशाख	जेष्ठ	आसाढ	श्रावण	भाद्र	आश्विन	कार्तिक	मङ्सिर	पौष
१. जनस्तर सम्म डेंगी रोग रोकथाम तथा नियन्त्रणको सचेतनाका लागि बहु-निकाय तथा बहु-सहकार्य																	
क. डेंगी रोग रोकथाम तथा नियन्त्रणका लागि सूचनाको उत्पादन, प्रकाशन तथा वितरण	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	स्वास्थ्य सेवा बिभाग (राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र/ इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा)	स्वास्थ्य निर्देशनालय/ स्वास्थ्य कार्यालय	स्वास्थ्य (महा)शाखा	संचारकर्मी/ मिडिया												
ख. डेंगी सचेतनाका लागि विद्यालय शिक्षा कार्यक्रम	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय		स्वास्थ्य कार्यालय	स्वास्थ्य र शिक्षा हेर्ने सम्बन्धित शाखा/ महाशाखा हरु													
ग. डेंगी सचेतनाका लागि घरदैलो कार्यक्रम				स्वास्थ्य (महा)शाखा/ अन्य सरोकारवाला	आमा समुह/ टोल बिकास संस्था/ म.स्वा.स्व.से												
घ. रेडियो, टेलिभिजन तथा सामाजिक संजाल बाट डेंगी रोग रोकथामको सूचना प्रवाह	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ सूचना तथा संचार मन्त्रालय	स्वास्थ्य सेवा बिभाग (राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र/ इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा)	स्वास्थ्य/ सामाजिक बिकास मन्त्रालय	स्वास्थ्य (महा)शाखा	संचारकर्मी/ मिडिया												
ङ. चोक तथा रणनैतिक स्थानहरुमा ब्यानर तथा पोस्टर प्रदर्शन तथा माइकिङ्ग			स्वास्थ्य कार्यालय	स्वास्थ्य (महा)शाखा/ अन्य सरोकारवाला	आमा समुह/ टोल बिकास संस्था/ म.स्वा.स्व.से												

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग टेक, काठमाडौं

कार्यक्रम	जिम्मेवार मन्त्रालयहरु	कार्यन्वयन गर्ने निकायहरु				कार्यन्वयन हुने महिना (माघ २०७९ देखि पौष २०८० सम्म)											
		संघ अन्तर्गतका निकायहरु	प्रदेश/जिल्ला	स्थानीय तह	समुदाय/ सरोकारवाला	माघ	फाल्गुण	चैत्र	वैशाख	जेष्ठ	आसाढ	श्रावण	भाद्र	आश्विन	कार्तिक	मङ्सिर	पौष
२. लामखुट्टे वृद्धि विकास नियन्त्रणका लागि बहु-निकाय समन्वय																	
२.१. वातावरण व्यवस्थापन																	
क. पानि संचय गर्ने अभ्यासको सुधार	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ खानेपानी मन्त्रालय	स्वास्थ्य सेवा बिभाग (राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र/ इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा), खानेपानी तथा ढल व्यवस्थापन बिभाग	स्वास्थ्य कार्यालय	स्वास्थ्य, बातावरण तथा शहरी पूर्वाधार हेर्ने सम्बन्धित शाखा / महाशाखाहरु/ अन्य सरोकारवाला	आमा समुह/ टोल बिकास संस्था/ म.स्वा.स्व.से												
ख. सार्वजनिक स्थलका पानि जम्ने खाल्डाखुल्डी पुर्ने तथा फोहोर व्यवस्थापन गर्ने	शहरी बिकास मन्त्रालय	सडक बिभाग/ सडक डिभिजन कार्यालय		बातावरण तथा पूर्वाधार हेर्ने सम्बन्धित शाखा /महाशाखाहरु													
ग. भूमिगत पार्किङ स्थल, निर्माणाधीन भवन, अव्यवस्थित ग्यारेज, कवाडी खाना लगायतका स्थानहरुको निगरानी तथा नियमन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ अन्य सरोकारवाला मन्त्रालय			बातावरण तथा पूर्वाधार हेर्ने सम्बन्धित शाखा /महाशाखाहरु	टोल बिकास संस्था/ अन्य सरोकारवालाहरु												
२.२. वयश्क लामखुट्टे तथा लार्भा नष्ट																	
क. लामखुट्टे लार्भा खोज तथा नष्ट गर्ने अभियान	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	स्वास्थ्य सेवा बिभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा/	स्वास्थ्य निर्देशनालय/ स्वास्थ्य कार्यालय	स्वास्थ्य (महा)शाखा/ अन्य सरोकारवाला	आमा समुह/ टोल बिकास संस्था/ म.स्वा.स्व.से												

कार्यक्रम	जिम्मेवार मन्त्रालयहरु	कार्यन्वयन गर्ने निकायहरु				कार्यन्वयन हुने महिना (माघ २०७९ देखि पौष २०८० सम्म)											
		संघ अन्तर्गतका निकायहरु	प्रदेश/जिल्ला	स्थानीय तह	समुदाय/ सरोकारवाला	माघ	फाल्गुण	चैत्र	बैशाख	जेष्ठ	आसाढ	श्रावण	भाद्र	आश्विन	कार्तिक	मङ्सिर	पौष
		राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र)															
२.३ व्यक्तिगत सुरक्षा																	
क. लामखुट्टे को टोकाईबाट बच्न व्यक्तिगत सुरक्षाका उपायहरुको प्रयोग (झुल, रिपेलेन्ट स्प्रे वा मलम, मच्छड धुप, झ्याल ढोकामा जालीको प्रयोग आदि)				स्थानीय तह	व्यक्ति/समुदाय तथा सरोकारवालाहरु												
३. रोग प्रक्षेपण तथा जोखिम मुल्यांकनका लागि बाहक (लामखुट्टे) को नियमित निगरानी तथा प्रतिकार्य																	
क. बाहक (लामखुट्टे) को निश्चित ठाउँहरुमा नियमित निगरानी (त्रैमासिक रुपमा: बैशाख-जेष्ठ, भाद्र-आश्विन, माघ-फाल्गुण)	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	स्वास्थ्य सेवा बिभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा), कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र	स्वास्थ्य निर्देशनालय/ स्वास्थ्य कार्यालय														
ख. बाहक (लामखुट्टे) को प्रतिकार्य/ निगरानी	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	स्वास्थ्य सेवा बिभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा), कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र	स्वास्थ्य निर्देशनालय/ स्वास्थ्य कार्यालय	स्वास्थ्य (महा)शाखा/ अन्य सरोकारवाला	आमा समुह/ टोल बिकास संस्था/ म.स्वा.स्व.से	आवश्यकता अनुसार											

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु काठमाडौं

कार्यक्रम	जिम्मेवार मन्त्रालयहरु	कार्यन्वयन गर्ने निकायहरु				कार्यन्वयन हुने महिना (माघ २०७९ देखि पौष २०८० सम्म)											
		संघ अन्तर्गतका निकायहरु	प्रदेश/जिल्ला	स्थानीय तह	समुदाय/ सरोकारवाला	माघ	फाल्गुण	चैत्र	बैशाख	जेष्ठ	आसाढ	श्रावण	भाद्र	आश्विन	कार्तिक	मङ्सिर	पौष
४. डेंगीको निदान, उपचार तथा व्यवस्थापनका लागि स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि																	
क. अस्पतालहरुमा डेंगी रोगको चापका आधारमा ज्वरोको स्क्रिनिंग का लागि ज्वरो क्लिनिक/वार्ड संचालन तथा व्यवस्थापन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	संघीय अस्पतालहरु/ शिक्षण अस्पताल/ प्रतिष्ठानहरु	प्रदेश अन्तर्गतका अस्पतालहरु	स्थानीय अस्पताल		आवश्यकता अनुसार											
ख. डेंगी रोगको निदानका लागि आवश्यक किटको सुनिश्चितता	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	स्वास्थ्य सेवा बिभाग (व्यवस्थापन महाशाखा/ इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा)	प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र														
ग. चिकित्सक तथा स्वास्थ्यकर्मीहरुका लागि तालिम तथा अभिमुखीकरण	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	स्वास्थ्य सेवा बिभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा / चिकित्सा सेवा महाशाखा)	स्वास्थ्य निर्देशनालय														
५. डेंगी रोगको निगरानी तथा तथ्यांक सुदृढीकरण																	
क. निजि तथा सरकारी अस्पतालका मेडिकल रेकर्डरहरुलाई अभिमुखीकरण	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	स्वास्थ्य सेवा बिभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा)	स्वास्थ्य निर्देशनालय														
ख. निजि तथा सरकारी अस्पतालहरुबाट डेंगीको बिरामीहरुको तथ्यांक	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	संघीय अस्पतालहरु/ शिक्षण अस्पताल/ प्रतिष्ठानहरु/ निजि अस्पतालहरु	प्रदेश अन्तर्गतका अस्पतालहरु	स्थानीय अस्पताल													

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

कार्यक्रम	जिम्मेवार मन्त्रालयहरु	कार्यन्वयन गर्ने निकायहरु				कार्यन्वयन हुने महिना (माघ २०७९ देखि पौष २०८० सम्म)											
		संघ अन्तर्गतका निकायहरु	प्रदेश/जिल्ला	स्थानीय तह	समुदाय/ सरोकारवाला	माघ	फाल्गुण	चैत्र	बैशाख	जेष्ठ	आसाढ	श्रावण	भाद्र	आश्विन	कार्तिक	मङ्सिर	पौष
अभिलेखीकरण तथा प्रतिवेदन सुनिश्चित गर्ने																	
ग. डेंगीको बिरामीहरुको तथ्यांक भेरीफिकेसन र फलोअप	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	स्वास्थ्य सेवा बिभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा / व्यवस्थापन महाशाखा, एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखा)	स्वास्थ्य निर्देशनालय/ स्वास्थ्य कार्यालय/ अस्पताल														
घ. जोखिम नक्सांकन तथा हट-स्पट पहिचान गर्ने	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	स्वास्थ्य सेवा बिभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा)															
६. अध्ययन तथा अनुसन्धान																	
क. डेंगी सेरोटाईपको पहिचान	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	स्वास्थ्य सेवा बिभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला) तथा सहयोगी संस्थाहरु	प्रदेश जनस्वास्थ्य प्रयोगशाला														
ख. लामखुट्टेमा डेंगी भाइरसको आइसोलेशन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	स्वास्थ्य सेवा बिभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला) तथा सहयोगी संस्थाहरु	प्रदेश जनस्वास्थ्य प्रयोगशाला														

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं